

# नेपाली कांग्रेस रूपान्तरणका लागि

## प्रस्ताव

(महासमिति बैठक, ललितपुर)




**डा. सुनिल कुमार शर्मा**

सांसद, प्रतिनिधिसभा (मोरङ क्षेत्र नम्बर-३)

# प्रस्ताव

देशभरबाट नयाँ उत्साह र नविन उर्जाका साथ महासमिति बैठकमा सहभागि हुन आउनुभएका नेपाली कांग्रेसका सम्पूर्ण महासमिति सदस्य साथीहरुलाई स्वागत गर्न चाहन्छु । देश र कांग्रेस दुवै अहिले संक्रमणबाट गुज्रिरहेका बेला शुरु भएको बैठकले यतिबेला देशकै ध्यान तानेको छ । कांग्रेसको महासमिति बैठकले के निर्णय गर्छ ? देशको विकास र अहिलेको राजनीतिक अवस्थाको निकासमा बैठक कति केन्द्रीत हुन्छ ? अहिले चासोको विषय छ ।

विगतमा देश संवैधानिक राजसंस्थाबाट गणतन्त्रमा जाने कि नजाने भन्ने बहसमा रहँदा कांग्रेसले महासमिति बैठकबाट गणतन्त्र पारित गरेपछि देश नयाँ गणतन्त्रात्मक युगमा प्रवेश गर्यो । एकात्मक राज्य प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधानसभाबाट संविधान बनाउन देशको लामो समय खर्च भयो । त्यसलाई संस्थागत गर्ने संविधान बनाउने अवसर पाएका पार्टीहरुको असक्षम नेतृत्व, अहम् र अकर्मण्यताको मार देशले खेप्नुपर्‍यो । अन्ततः नेपाली कांग्रेसले नेतृत्व गरेपछि मात्रै संविधानसभाबाट संविधान बनाउन सम्भव भयो । उसो त संविधानसभाबाट संविधान हाम्रा स-स्थापक नेता वीपी कोइरालाकै सपना थियो ।

संविधान जारी भएपछि देशले राजनीतिक निकास र आर्थिक विकासको अपेक्षा राखेको छ । जनताले जनमुखी सरकार र सुशासनको अपेक्षा राखेका छन् । तर, संविधान जारी भएपछि किन नागरिकमा झन् निराशा बढयो ? हामी कहाँ चुक्यौं ? निर्मम समिक्षा गर्न जरुरी छ । कांग्रेसलाई कसरी नागरिकको भरोसायोग्य, राष्ट्रप्रति अझ जिम्मेवार पार्टीका रुपमा आमुल रुपान्तरण गर्ने र निराश नागरिकमा आशा पुनर्जागृत गर्ने ? पार्टी रुपान्तरणसहित शिक्षा, स्वास्थ्य, रोजगारीलगायतको मुद्धा आजको मुल मुद्दा हो । हरेक राष्ट्र आफैमा साँस्कृतिक इकाई हो । साँस्कृतिक पहिचानकै आधारमा अहिलेका आधुनिक राज्यहरू बनेका हुन् । हरेक राज्यको आफ्नो साँस्कृतिक पहिचान हुन्छ । नेपालको साँस्कृतिक पहिचानलाई संवैधानिकिकरण गर्नुपर्छ कि पर्दैन ? छलफल हुनुपर्छ । यी यावत अहिलेको देशको र कांग्रेसको समस्या समाधान र रुपान्तरणका लागि मेरो अवधारणा महासमिति बैठकमा बहसका लागि पेश गर्दछु । आशा छ, यी धारणाबारे यहाँ गम्भीर छलफल हुनेछ । पार्टीलाई भावी कार्यक्रम, सरकार सञ्चालन र पार्टी रुपान्तरणमा योगदान पुग्नेनैछ ।

## रूपान्तरित कांग्रेस निर्माणको मार्गचित्र

नेपाली कांग्रेस स्थापनाकालदेखिनै साझा भावना र सामूहिक नेतृत्वमा चलेको पार्टी हो । पार्टी निर्माणदेखि यहाँसम्म आइपुग्दा कांग्रेसले ७८ वर्षे आरोह अवरोह पूरा गरेको छ । नेतृत्वकाबीच मतभेद भएपनि पार्टी संगठन सुदृढिकरणमा साझा भावना थियो । तर, १४ औं महाधिवेशनपछि साझा भावना र सामुहिक नेतृत्वको 'स्पिरिट' कमजोर हुँदै गएको छ । जसकारण पार्टीभित्र नेतृत्वदेखि कार्यकर्ता तहसम्म पार्टीमाथिको अपनत्वको भावना कमजोर बन्दै गएको छ । पार्टीमा सहअस्तित्व स्विकार गर्ने र सामूहिक नेतृत्वको भावनालाई बलियो बनाउन आवश्यक छ । कांग्रेसको संगठन सुदृढिकरणका लागि हामीले केही निर्णय लिनुपर्नेछ । सदस्यता वितरणदेखि नेतृत्व चयनसम्म हामीले आफुलाई बदल्नुपर्छ ।

## के गर्ने ?

१. नेपाली कांग्रेसको संगठनको मुख्य आधार क्रियाशिल सदस्यता हो । हाल क्रियाशिल सदस्यता वितरणको प्रारुपलाई हेर्दा कांग्रेसले भविष्यको चुनौती सामना गर्न सक्दैन । त्यसका लागि क्रियाशिल वितरण प्रणाली पारदर्शी र अझ लोकतान्त्रिक बनाउन जरुरी छ । क्रियाशिल दिने अभ्यासलाई नविनता दिन जरुरी छ ।

   **त्यसका लागि  पार्टीको साधारण सदस्यता लिन इच्छुक व्यक्तिले अनलाईन माध्यमबाट लिन सकिने बनाउने । त्यसरी सदस्यता लिएको ६ महिनाभित्र पार्टीले प्रदेशस्तरको पार्टी स्कुल गठन गरि सोहीमार्फत कांग्रेसको सिद्धान्त,आदर्श,नीति तथा आर्थिक सामाजिक रुपान्तरणका एजेण्डा केन्द्रित प्रशिक्षण दिनैपर्ने वैधानिक व्यवस्था गर्ने । सो प्रशिक्षणमा सहभागि भएको प्रमाणपत्र लिएपछि मात्र क्रियाशिल सदस्यता माग गर्नका लागि योग्य हुने व्यवस्था गर्ने । यसले क्रियाशिल वितरणमा सिमित व्यक्तिको जमिन्दारीप्रथाको पूर्णरूपमा अन्त्य गर्नेछ भने पार्टीप्रति आकर्षण बढ्नेछ ।**

२. गाउँ, क्षेत्र र जिल्ला सभापति छनौटको अधिकार क्रियाशिल सदस्यहरुलाई दिने । ती तहका लागि हुने निर्वाचनमा सबै क्रियाशिल सदस्य स्वत: मतदाता हुनेगरि व्यवस्था गर्ने ।

३. पार्टीमा एउटा पदमा (वडादेखि केन्द्रसम्म पदाधिकारी तहमा) दुई कार्यकाल मात्र बस्न पाउने गरि विधानमै व्यवस्था गर्ने ।

४. **एउटा व्यक्तिलाई दुईपटक भन्दा बढी (संघीय,प्रदेश र स्थानीय तह निर्वाचनमा)**

**टिकट नदिनेगरि व्यवस्था गर्ने । तर, कोही अत्यन्त लोकप्रिय र संसदमा अत्यावश्यक लाग्छ भने उसलाई तेस्रोपटक संघमा टिकट दिँदा अर्को क्षेत्रमा भने पठाउन सकिने विकल्प खुला राख्ने** ।

५. स्थानीय, प्रदेश र संघमा उमेदवार छान्दा क्रियाशिल सदस्यहरुको दुई तिहाई मतबाट वा पूर्ण सहमतिका आधारमा उम्मेदवार चयन गर्ने गरि वैधानिक प्रबन्ध गर्ने ।

६. संसदीय र पार्टी जिम्मेवारीमा आलोपालो कार्यकाल काम गर्नेगरि विधानमा व्यवस्था गर्ने । जसले पार्टी र संसद दुवैतर्फ पार्टीको 'पर्फमेन्स' बलियो बनाउन मद्धत गर्नेछ ।

७. **वडादेखि केन्द्रसम्मको सभापति र दुईतिहाई पदाधिकारी निर्वाचित गर्ने र एक तिहाई पदाधिकारी सभापतिले मनोनित गरि समिति बनाउने व्यवस्था गरौं** । ताकी सभापतिले समितिभित्रै अल्पमतमा परेर काम गर्न नसक्ने अवस्थाको अन्त्य होस् ।

८. केन्द्रीय सदस्य स्वत: महाधिवेशन प्रतिनिधि हुने व्यवस्था खारेज गरि तल्लो तहबाटै निर्वाचित भएर आउनुपर्ने वैधानिक व्यवस्था गर्ने ।

९. **पार्टीका सबै तहमा २० प्रतिशत समाजका विभिन्न क्षेत्रका विज्ञ, लब्धप्रतिष्ठित व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने** । पार्टीकोतर्फबाट समानुपातिक सांसद, राष्ट्रिय सभामा प्रतिनिधित्व गराउँदा शहिद परिवार, द्वन्द्व पीडित, प्राध्यापक, चिकित्सक, इन्जिनियर, किसान, कानुन व्यवसायी, परराष्ट्रविद्, अर्थविद्, उद्योगपति, लेखक, पत्रकार, लोकतान्त्रिक आन्दोलनमा घाइते भएका, योगदान गरेका व्यक्तिहरुलाई प्राथमिकता दिनेगरि व्यवस्था गर्ने ।

१०. कांग्रेसमा अहिले 'सोसियल इन्जिनियरिङ'को अभाव छ । समावेशीताका लागि केही मानिसहरु ल्याइएका छन् । तर, राजनीतिक नेतृत्व र नेताका रुपमा भिन्न भिन्न वर्ग र जातबाट पहिला जसरी सोसियल इन्जिनियरिङ गरेर ल्याइन्थ्यो त्यसरी अहिले ल्याइएको देखिँदैन । केही मानिसलाई समानुपातिकबाट पार्टीमा ल्याएर हुँदैन, त्यो व्यक्ति आफ्नो समुदायमा नेताका रुपमा स्थापित छ की छैन हेरिनुपर्छ ।

११. पति पत्नी र एकाघर परिवारका सदस्य दुवै वडादेखि केन्द्रसम्म पार्टीको कार्यकारी पद, संसद (प्रत्यक्ष, समानुपातिक र राष्ट्रियसभा) र सरकारको कार्यकारी पदमा एकै कार्यकालमा आउनबाट रोक्ने गरि वैधानिक व्यवस्था गर्ने ।

## भ्रष्टाचार नियन्त्रण र सुशासन

अहिले देशको सबैभन्दा ठुलो समस्या नै भ्रष्टाचार हो । यसलाई निर्मूल गर्नुपर्छ । हामीले देखेको समृद्ध नेपालको सपनाको मुख्य बाधक केही छ भने त्यो बलियो जरा गाडेर बसेको भ्रष्टचार नै हो । भ्रष्टाचार अन्त्य नाराले सम्भव छैन । त्यसका लागि तत्काल केही काम गरे भष्ट्रचार नियन्त्रणनको सुरुवात हुन्छ भन्ने मेरो दृष्टिकोण छ ।

## भ्रष्टाचार नियन्त्रण र सुशासनको सुरुवात कसरी ?

- सबै नियुक्तिहरु खुला प्रतिस्पर्धाबाट गर्ने व्यवस्था गरौं, राजनीतिक नियुक्ति बन्द गरौं
- इ–गभर्नेन्स बोलीमा होइन, व्यवहारमा कार्यान्वयन गरौं । सबै कामकारवाही 'क्यासलेस' गरौं
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पूर्व कर्मचारीलाई आयुक्त बनाउन नपाउने व्यवस्था गरौं । सुशासनको पक्ष र भ्रष्टाचारको विरोधमा लागेका स्वच्छ छवि भएका र सामाजिक हैसियत भएका व्यक्तिहरुमध्येबाट लैजाउँ । यसरी आयुक्त बनाउनका लागि पारदर्शी प्रणाली अपनाउँ । स्वायत्त निकायलाई नियुक्तिको जिम्मेवारी दिउँ ।
- लोकसेवा आयोग वा त्यस्तै भरपर्दो स्वायत्त निकायबाट नियुक्ति गरौं, बिचमा कुनै गम्भीर समस्या आएमा भने सरकारले हटाउन सक्ने व्यवस्था गरौं
- अहिले न्यायपालिका पार्टीका कार्यकर्ताको भर्तीकेन्द्र बन्न पुग्दा स्वतन्त्र र निष्पक्ष न्यायको सिद्धान्तमाथि नै प्रश्न उठिरहेको छ । **न्यायपालिकाको स्वतन्त्रता अक्षुण राख्न दलका कार्यकर्ता न्यायालयमा भर्ती गर्न बन्द गर्नुपर्छ** । न्यायपालिकामा न्यायाधीश नियुक्ति पनि खुला प्रतिस्पर्धाबाट गर्ने पक्षमा कांग्रेस उभिनुपर्छ ।
- अहिले पेशागत संगठनका कारण समस्याहरु सिर्जना हुँदा त्यसले कार्यपालिकाको कामकारवाही प्रभावकारी बन्न सकिरहेको छैन । नागरिकले अपेक्षा गरेको सुशासनको अनुभूति हुन सकेको छैन भने सेवा प्रवाहमा समस्या छ । यसलाई हटाउन विभिन्न पेशागत संगठन बन्द गर्नुपर्छ । कांग्रेसबाटै नीतिगत रुपमा यसको शुरुवात होस् ।

## बदलौं शासकीय र निर्वाचन प्रणाली

- अहिले देशमा कूशासनको जरा खोज्दै जाँदा त्यसको सम्बन्ध निर्वाचन प्रणालीसँग

जोडिन्छ । निर्वाचन जति महँगो र खर्चिलो हुन्छ, त्यसले भ्रष्टाचारलाई मलजल गर्छ । यो हाम्रै अभ्यासले पुष्टि गरिसकेको छ । **समानुपातिक प्रणालीका कारण पनि संसदभित्रको अभ्यासमा थुप्रै जटिलताहरु देखिएका छन् । त्यसैले प्रतिनिधिसभालाई पूर्ण प्रत्यक्ष निर्वाचन प्रणालीमा लैजानुपर्छ । बरु आवश्यक परे केही निर्वाचन क्षेत्र बढाउन सकिन्छ ।** त्यसो गर्दा एकातिर संसदको आकार घट्न पुग्दा देशको अर्थतन्त्रमा  सघाउ पुग्छ भने अर्कोतिर अहिले देखिएको कुनै पनि दलले संसदमा एकल बहुमत पुऱ्याउन नसक्ने अवस्थाको अन्त्य हुन्छ । बलियो र स्थिर सरकार बन्ने बाटो खुल्छ ।

- **राष्ट्रियसभालाई पूर्णसमानुपातिक बनाउनुपर्छ ।** राष्ट्रियसभा चुनाव हारेका नेताको व्यवस्थापनको थलो बन्दा गरिमा घट्दो छ । यसलाई प्रभावकारी बनाउन विभिन्न क्षेत्रबाट राष्ट्रिय जीवनमा योगदान गरेका व्यक्तिहरुलाई ल्याउने गरि व्यवस्था गर्नुपर्छ । नेपाली कांग्रेसले निर्वाचन प्रणालीमा सुधारका लागि संविधान संशोधनका लागि ठोस प्रस्ताव लैजानुपर्छ  ।
- नेपालमा अहिले भइरहेको राजनीतिक अस्थिरता, कूशासन र भ्रष्टाचारको कारण शासकीय प्रणाली पनि हो । यसलाई सुधार्न **प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुनुपर्छ ।** त्यसका लागि कांग्रेसले संविधान संशोधनको पहल गर्ने निर्णय महासमिति बैठकबाट गर्नुपर्छ ।
- उपराष्ट्रपतिलाई नै राष्ट्रियसभाको अध्यक्षको समेत जिम्मेवारी दिने गरि व्यवस्था गर्नुपर्छ । यसो गर्दा उपराष्ट्रपतिलाई काम पनि पुग्छ भने अर्को एक अतिरिक्त व्यक्तिका लागि हुने राज्यकोषको खर्च पनि बचत हुन्छ ।

## सुशासनमुखि पार्टी र सरकार

अहिले स्थानीय, प्रदेश र संघमा नेपाली कांग्रेस नै छ । संघमा मुख्य सत्ताघटक कांग्रेस छ । स्थानीय तहमा ३ सय भन्दा बढी स्थानमा नेतृत्व गरिरहेको छ । ४ वटा प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार छ । सातै प्रदेशमा कांग्रेस सरकारमा छ । तर, नागरिकले सुशासनको अनुभूति गर्न सकिरहेका छैनन् । किन ? के यसको जिम्मेवारी हामीले लिनुपर्दैन । हामी कहाँ चुक्यौं । सरकार सञ्चालनमा संघीय, प्रदेश सरकारमा वा पालिकामा रहेका हाम्रा प्रतिनिधि र पार्टीबीच समन्वय कति भयो ? समिक्षा गर्न ढिला भइसकेको छ । हामीले नेतृत्व गरेका स्थानमा सुशासनको प्रत्याभूति दिन सक्नुपर्छ । हिजो कांग्रेसका नेताहरु र कांग्रेस नेतृत्वको सरकारसँग जुन नैतिक धरातल थियो, आज

कांग्रेसका नेतृत्व र सरकारमा सहभागि नेताहरुसँग त्यो नैतिक धरातलको निरन्तरता छ कि छैन, आजको प्रश्न यो हो । यसको एउटा दृष्टान्त हामीले सम्झनै पर्छ । २७ मे १९५९ मा वीपी कोइरालाको नेतृत्वमा निर्वाचित सरकार गठन भयो । २१ सदस्यीय मन्त्रीमण्डलमा रहेका ३ जना मन्त्री गणेशमान सिंह, प्रेमराज आङ्दाम्बे, शिवराज पन्तसहित वीपीका भाइ तत्कालीन प्रधानमन्त्रीका स्वकिय सचिव तारणी प्रसाद कोइरालाले भ्रष्टाचार गरेका छन् भनेर तत्कालिन राजा महेन्द्रले प्रश्न उठाए । वि.पि. कोइराल स्वयम्ले छानविन समिति गठन गरी छानविन गर्न राजा महेन्द्रलाई प्रस्ताव गरे । राजा महेन्द्रले आफ्ना विश्वासपात्र तत्कालीन उपत्यका प्रमुख विष्णुमणी आचार्यको नेतृत्वमा छानवीन आयोग बनाए । गणेशमान सिंह नेतृत्वको मन्त्रालयले राणा परिवारको एउटा जग्गा किनेको थियो । त्यो पैसा राणा परिवारको खातामा जम्मा गरेको पाइयो । राजा र वीपीलाई सँगै राखेर ब्रिफ गर्दा छानविन समितिले पैसा सम्बन्धित व्यक्तिको खातामा गएको भेटियो, गणेशमान सिंहले भ्रष्टाचार गरेको छैन भनेर राजा महेन्द्र र विपी कोइरालालाई सँगै राखेर छानविन समितिले भन्यो । यसको अर्थ, वीपी कोइराला स्वयं आफ्नो मन्त्रीमण्डलका सदस्य, पुराना मित्र, सहोदर भाईमाथि समेत प्रश्न उठ्दा क्लिन चिट लिनसक्ने हैसियत वीपीसँग थियो । तत्कालिन समयमा राजा नै रहेका बेला वीपी त्यो हैसियत राख्नुहुन्थ्यो । गणेशमान सिंह, किसुनजी समेतको, कांग्रेसले त्यस्तो गर्भ गर्नलायक नैतिक हैसियत राख्नुहुन्थ्यो । जनताको नजरमा अहिलेको कांग्रेसको नेतृत्वले त्यो नैतिक धरातलको निरन्तरतालाई कायम राखेको छ वा गुमाएको छ ? प्रश्न यो हो ।

### सुशासनमुखी पार्टी र सरकारका आधार यि बन्न सक्छन्ः

- नेपाली कांग्रेसले सुशासनलाई मन्त्र बनाउनुपर्छ । राज्य वा पार्टी सञ्चालनको मूल मान्यताका रुपमा पारदर्शीता, जवाफदेहिता र सहभागितालाई अपनाउनुपर्छ ।
- तीन तहका सरकारमध्ये जनताको निकट रहने स्थानीय सरकारलाई जनसहभागितामा आधारित घरदैलो सेवकका रुपमा विकास गर्नुपर्छ ।
- तल्लो तहको वडा सदस्य, अध्यक्षदेखि प्रदेश र संघ सरकारको उपल्लो तहसम्म पुगेकाहरुले पदमा रहँदा पार्टीलाई विर्सन मिल्दैन । पार्टीले जारी गरेको घोषणापत्र, जनतासँग विगतमा गरेको प्रतिवद्धतामा इमान्दार उत्रनुपर्छ । त्यसकालागि पार्टी र जनप्रतिनिधिबिच समन्वय, सल्लाह र संवादका लागि उपयुक्त प्लेटफर्म निर्माण गर्न जरुरी छ । साथै पार्टीको संयन्त्रले पार्टीका तर्फबाट बनेका जनप्रतिनिधिका कामकारवाहीको नियमन, मूल्यांकन गरि दिशानिर्देश गर्ने संयन्त्र बनाउनुपर्छ ।

- हामीले जिम्मेवारी लिइरहेका स्थानमा सेवा प्रवाह चुस्त हुनुपर्छ । नागरिकले सहज ढँगले सेवा लिन पाउने गरि काम गर्नुपर्छ । त्यसका लागि डिजिटल गभर्नेन्स प्रणालीको विकास गर्नुपर्छ ।
- **हालसम्म सार्वजनिक पद धारण गरेका पार्टीका सबैको (वडा सदस्यदेखि पूर्व प्रधानमन्त्रीसम्मको) सम्पत्ति छानविन गर्नसक्ने संरचना पार्टीभित्र निर्माण गरिनु पर्छ** ।
- सम्पत्ति शुद्धिकरण,अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभागज, प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) जस्ता राज्यका निकायहरुलाई स्वतन्त्र, निष्पक्ष र राजनीतिक दबाब, प्रभावभन्दा बाहिर राखिनुपर्छ । स्वतन्त्र प्रतिस्पर्धाबाट ती स्थानमा सदस्य र पदाधिकारी नियुक्त गरिनुपर्छ । त्यसका लागि लोकसेवा आयोगजस्तै स्वायत्त निकाय बनाउनुपर्छ । यस विषयमा पार्टीको नीति प्रष्ट हुनुपर्छ ।
- **ट्रेड युनियनिजम बन्द गरौं** । दल, समुदायपिच्छेका ट्रेड युयिनहरु खारेज गरि एकल ट्रेड युनियन संस्थाको निर्माण गरिनुपर्छ ।
- आजसम्मको आरक्षणसम्बन्धि व्यवस्था र अभ्यास, यसको प्रभाव र परिणामबारे गहन समिक्षा हुनुपर्छ । आर्थिक अवस्थामा आधारित वर्गिय सकारात्मक विभेदको नीति अवलम्बन गर्नुपर्छ ।
- **कानुन वा नियमावलीको छिद्र खोजेर गम्भीर घटनाका अपराधी, मानवताविरुद्ध जघन्य घटनाका दोषीलाई उन्मुक्ति दिनुहुँदैन** । दण्डहिनताको अन्त्य गरिनुपर्छ ।
- गरिबीको रेखामुनि रहेका जनताको वास्तविक तथ्यांक निकाली तिनलाई निशुल्क शिक्षा, स्वाथ्य, सिप, प्रविधि र रोजगारीको व्यवस्था राज्यले गर्नुपर्छ ।

## सयमसापेक्ष पार्टीको सांगठनिक ढाँचा

कुनै पनि पार्टीको मुख्य शक्ति भनेको उसको संगठन हो । यो चलायमान हुँदा मात्रै सो पार्टीले लिएको नीति, विचार भुइँ तहसम्म पुग्छ । चुनाव जित्नका लागि वा संगठन कब्जा गर्नका लागि आँकडामा देखिने सँख्याले पार्टी सुदृढ हुन सक्दैन । समयसापेक्ष पार्टी संगठन अहिलेको आवश्यक्त हो । संगठन वृद्धिका लागि प्रत्येक वर्ष '१ क्रियाशिल २ साधारण सदस्य' अभियान तत्काल घोषणा गरेर कार्यान्वयनमा गयौं भने कांग्रेसको समानुपातिकतर्फ खस्केको मत उकास्न सकिन्छ । त्यसले प्रत्यक्ष निर्वाचनतर्फ पनि पार्टीलाई बलियो बनाउँछ ।

- पार्टीमा केही व्यक्तिमा रहेको तजबिजीअधिकारको अन्त्य हुनुपर्छ, सामुहिकता र न्यायपूर्ण रुपमा चल्ने पार्टी प्रणालीको विकास गर्नुपर्छ ।

- पार्टीमा आउने बाटो अहिले सिमित छ । यसलाई फराकिलो बनाउने । समाजका लब्धप्रतिष्ठित , विभिन्न क्षेत्रमा ख्यातीप्राप्त व्यक्तिलाई पार्टीमा जिम्मेवारी दिन सकिने व्यवस्था गरौं ।

- महाधिवेशनको संघारमा मात्रै क्रियाशिल वितरणको परिपाटी बदलौं । क्रियाशिल सदस्य वितरणलाई खुला राख्दै प्रत्येक ६ महिनामा वडा तहसम्मै क्रियाशिल सदस्यको अनिवार्य एउटा भेला र नविकरण गर्ने अनिवार्य व्यवस्था गरौं ।

- वडादेखि क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रसम्म संगठनको गतिशिलता कमजोर देखिएको छ । हामीले विभिन्न नाममा अभियान घोषणाा पनि गरेका छौं । तर, हाम्रा अभियानले जति प्रभावकारी हुनुपर्ने हो भइरहेका छैनन् । कर्मकाण्डका रुपमा अभियान चलाउनुको मात्रै अर्थ हुन्न । तसर्थ, संगठनलाई गतिशिल बनाउने, क्षमतावान व्यक्तिहरुलाई भूमिका दिने गरि पार्टीका संगठनहरु चलायमान हुनुपर्छ ।

- भातृ तथा शुभेच्छुक संस्थाहरु क्रियाशिल हुन सकेका छैनन् । समयमा महाधिवेशन नहुँदा अहिले नेतृत्वले बनाएको जम्बो नेविसंघ र तरुण दलको समिति निस्प्रभावी देखिएका छन् । वर्गिय संगठनलाई उसको आफ्नो मुद्दामा केन्द्रीत गर्न नसक्दा ती संगठनको औचित्यमाथि नै प्रश्न उठिरहेको छ । **केन्द्रीय समिति बैठकसम्म राख्न नसक्ने समितिहरु तत्काल भंग गरि निर्वाचनको प्रक्रियाबाट चुस्तदुरुस्त समिति बनाउन ढिला नगरौं । भातृ तथा सुभेच्छुक संस्थाहरुको आवधिक महाधिवेशन र समयसापेक्ष परिचालनको नीति अख्तियार गरौं** । भातृसंस्था तथा शुभेच्छुक संस्थाहरुका गतिविधि निगरानी गर्ने पार्टि केन्द्रीय कार्यसमितिको अधिकार सम्मन्न समिति वनाउने र गतिविधिको प्रतिवेदन कम्तिमा पनि मासिक रुपमा पार्टीलाई बुझाउने अनिवार्य व्यवस्था गर्नेपर्ने ।

- भातृ तथा शुभेच्छुक संस्था तदर्थवादवाट चलाउने परिपाटिले नेपाली कांग्रेसका भातृ तथा शुभेच्छुक संस्थाहरुको अस्तित्व नै संकटमा पर्ने परिस्थिति निर्माण भएको छ । त्यसकारण आवधिक अधिवेशन गराउने नीतिगत व्यवस्था गर्ने र भातृ तथा शुभेच्छुक सस्थाका नेतृत्वले आवधिक अधिवेशन गराउन नसके पार्टि केन्द्रीय समितिको अधिकार सम्पन्न हस्तक्षेपकारि अधिकारसहितको अधिवेशन गराउने समिति वनाउने नीतिगत व्यवस्था गर्ने । पार्टीले दिएको समयमा अधिवेशन गराउन नसके सो समिति स्वत: भंग गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने ।

- पार्टीको आन्तरिक निर्वाचनमा प्यानल बनाएर चुनाव लड्ने परिपाटी निषेध गरि एजेण्डाका आधारमा स्वच्छ प्रतिस्पर्धा गर्ने परिपाटी बसाल्नुपर्छ ।

## अप्राकृतिक गठबन्धनको अन्त्य र कांग्रेसको नेतृत्वमा जनमुखि सरकार

अहिले संघदेखि प्रदेशसम्म कांग्रेस सरकारमा छ । तर, त्यसको जग भने अप्राकृतिक छ । कांग्रेस भन्दा भिन्न राजनीतिक,सामाजिक,आर्थिक व्यवस्था पक्षधर माओवादी, एकीकृत समाजवादी र अर्को क्षेत्रीय पार्टी जसपासँग सहकार्य छ । यो गठबन्धन सैद्धान्तिक जगमा हेर्दा अप्राकृतिक भन्दा फरक पर्दैन ।

कुनै कार्यक्रमनै नमिल्ने पार्टीहरुसँगको गठबन्धनबाट बनेको सरकारका कामकारवाही प्रभावकारी हुन सकेका छैनन् । न गृह प्रशासन चुस्त छ, न आर्थिक प्रशासनमै सरकारले आशा जगाउन सकेको छ । देशको अर्थतन्त्र ध्वस्त भइरहँदा हाम्रै पार्टीको नेतृत्वमा रहेको अर्थमन्त्रालयको भूमिका शून्य छ । उदार अर्थनीति अपनाउने कांग्रेसले अर्थमन्त्रालय सञ्चालन गरिरहँदा नीजि क्षेत्र आतंकित र ध्वस्त छ । लगानीकर्ताहरुको मनोबल गिरेको छ । सबैतिर आर्थिक सूचकांक कमजोर बनेको छ ।

यसको एउटा कारण अप्राकृतिक गठबन्धन पनि हो । कुन मन्त्रालय कसले समहालेको छ ? भन्दा पनि संसारले हेर्ने कसको नेतृत्वमा सरकार छ भनेर हो । **अहिले माओवादीको नेतृत्वमा सरकार छ । सरकारमा कांग्रेस बसिरहँदा माओवादीको असक्षमताको भारी कांग्रेसले बोक्नुपर्नेछ । तत्काल यो अप्राकृतिक गठबन्धनबाट अलग भई कांग्रेसले लोकतान्त्रिक शक्तिहरुलाई एकत्रित गरि आफ्नो नेतृत्वमा सुशासनमुखी, जनमुखी सरकार गठनका लागि पहल गर्नुपर्छ ।**

## अर्थनीतिमा प्रष्ट बनौं

अहिले नेपाली कांग्रेस मुख्य सत्ताघटकका रुपमा सरकारमा छ । कांग्रेससहितको सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रम, बजेट र अन्य आर्थिक विषयवस्तुहरु जे छन्, त्यसलाई हेर्दा उदार अर्थनीतिमा जाने वा नियन्त्रणात्मक अर्थनीतिमा जाने ? भन्ने गम्भीर बहस शुरु भएको छ । अहिलेका संकेतहरु नियन्त्रणमुखी अर्थतन्त्रतिर देश जान खोज्यो भन्ने सरोकारवालाहरु र बौद्धिकवर्गको मत छ ।

- ०४८ सालदेख ०५२ सालसम्म बनेको नवउदारवादी अर्थनीतिले हामीलाई अहिलेको मञ्जीलसम्म ल्यायो । हाम्रा दुई विशाल छिमेकी भारत र चीन जसरी आर्थिक विकासमा छलाङ मारेका छन्, त्यसरी अघि बढाउन अर्थनीतिलाई अर्को चरणमा लैजानुपर्छ । तर, आज हामी ६० को दशकमा श्रीलंकाले गरेजस्तो, ७०

को दशकमा भारतले गरेजस्तो, पञ्चायतमा तत्कालिन राजा महेन्द्रले लिएको जस्तो अर्थनीतिलाई अघि बढाइरहेका छौं । यो आर्थिक अवनतीको मार्ग बन्न सक्छ । कांग्रेसले बुझ्न र बुझाउन जरुरी छ । चीन र भारत जसरी उदारिकणमा गएर आर्थिक उन्नती गर्न सफल भए हामी पनि आर्थिक उदारीकरणको अर्को चरणमा जानुपर्छ । **संसदीय लोकतन्त्र र आर्थिक उदारीकरणमा कांग्रेस प्रष्ट हुन जरुरी छ** ।

- अहिले बेरोजगारीको समस्या देशका लागि ठुलो चुनौती बनेको छ । यसलाई हटाउन केही निर्णय सरकारले लिन ढिला भइसकेको छ । रोजगारीसँगै उत्पादन र आर्थिक विकासका लागि साना तथा  मझौला उद्योगहरुलाई प्राथमिता दिन आवश्यक छ । न्यूनतम १० जनालाई रोजगारी सिर्जना गर्ने व्यवसायीलाई राज्यले 'सफ्ट लोन' दिने व्यवस्था गर्नुपर्छ । व्यवसायीका हकमा राज्यलाई बुझाउने लाभकरको दोब्बर पैसा 'सफ्ट लोन' दिने र सोहीमार्फत व्यवसाय विस्तार गरि नयाँ रोजगारी सिर्जना गर्न र उत्पादन बढाउन प्रोत्साहन गर्ने आर्थिक नीति लागू गर्नुपर्छ ।
- अहिले सहकारी, लघुवित्तको पैसा हिनामिना र बैंकको अवैज्ञानिक ब्याजदर वृद्धिका कारण समस्या विकराल बनिरहेको छ । जनताले पसिना बगाएर दुखले जम्मा गरेको पैसा डुब्ने अवस्था छ । यसको समाधान सरकारले अविलम्ब खोज्नुपर्छ । सहकारी र लघुवित्त राष्ट्र बैंकको नियमनमा चल्नेगरि नीतिगत व्यवस्था गरिनुपर्छ । बैंकको ब्याजदरका विषयमा ऋण लिँदाको बखतमा भएको सम्झौता बमोजिम ब्याजदर स्थिर हुने व्यवस्था हुनुपर्छ । बैंकको ब्याज मुद्रास्फीति भन्दा बढी नहुने गरी सिङ्गल डिजिटमा हुने कानुनी व्यवस्था गर्नु पर्छ ।
- मिटरब्याजीबाट समस्यामा परेका नागरिकहरुलाई सरकारले न्याय दिन ढिला भइरहेको छ । यसतर्फ कांग्रेसले सरकारको गम्भिरतापूर्वक ध्यानाकर्षण गराई पीडितलाई न्याय र पिडकलाई कारवाही गराउन पहल गर्नुपर्छ ।
- आन्तरिक उत्पादन बढाउने र आयात घटाउने अर्थनीति हुनुपर्छ । वैदेशिक लगानी भित्राउने वातावरणको निर्माण गरि स्वदेशी लगानीको सुरक्षाको प्रबन्ध मिलाइनुपर्छ ।
- युवा विदेश पलायन रोक्नेगरि व्यवहारिक नीति निर्माण गर्नुपर्छ । युवाहरुलाई उद्यमशिलता नवप्रवर्द्धनका लागि प्रोत्साहन गर्ने आर्थिक नीति अवलम्बन गरौं । स्टार्टअप विजनेसका लागि सफ्ट लोन दिने व्यवस्था गरौं ।

- नेपालमा आउने विदेशी कम्पनीको दर्ता प्रक्रिया सहज र छरितो बनाइनुपर्छ । कम्पनी दर्ता प्रक्रियामा आएकै दिन दर्ता हुने गरि व्यवस्था गर्नुपर्छ । यसले वैदेशिक लगानीकर्तालाई आकर्षित गर्नेछ । विदेशबाट बैंकिङ्ग प्रणाली (Legal Channel) मार्फत  नेपालको बैंकमा लगानीको उद्देश्यले आएको पैसाको स्रोत खोजेर दु:ख दिने प्रवृत्ति अन्त्य गर्न नीतिगत व्यवस्था गर्ने ।

## कृषि, पर्यटन र जलविद्युतको विकासमा प्राथमिकता

नेपाल कृषिप्रधान देश हो । तर, युवाहरुको विदेश पलायनले देशको उर्बर जमिन बाँझो छ । नेपालको कूल खेतीयोग्य जग्गा ४१ लाख २१हजार हेक्टरमध्ये हाल ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती भइरहेको छ । ती जग्गा पनि विभिन्न कारणले बाँझो हुने क्रम बढ्दो छ । करिब २० देखि २५ प्रतिशत जमिन बाँझो रहेको अनुमान छ । युवा शक्तिको पलायन, न्यून उत्पादकत्व, आधुनिक सामाग्रीहरुको कमी, बढ्दो शहरीकरण, कम नाफामुखी व्यवसाय र अपेक्षित सम्मानित पेशाका रुपमा विकास हुन नसक्दा कृषि क्षेत्र धरासायी बन्दै गइरहेको छ । नेपाललाई पर्यटनको केन्द्र बनाउने र जलविद्युत उत्पादन बढाउने नीति अख्तियार गर्नुपर्छ ।

## कृषि, पर्यटन र जलविद्युतको विकासमा के गर्ने ?

- ७५३ वटै पालिकामा सरकारले कृषि भण्डार केन्द्र स्थापना गर्ने र स्थानीय उत्पादनको मूल्य निर्धारण गरि उत्पादित वस्तुको बजार सुनिश्चितता र किसानको लगानी सुनिश्चित गर्ने ।
- स्थानीय उत्पादनहरुलाई ब्राण्डिङ गरि विदेश निर्यात गर्ने नीतिमा जोड दिने ।
- कृषि क्षेत्रमा लाग्नेहरुलाई राज्यले सहुलियत ऋण दिने, हाल कृषिका नाममा भइरहेको सहुलियत ऋणको दुरुपयोग रोकी वास्तविक किसानलाई प्रोत्साहन गर्ने ।
- किसानको उत्पादनको आधारमा स्थानीय सरकारमार्फत किसानलाई प्रोत्साहन गर्न कृषि अनुदानको व्यवस्था गर्ने नीति बनाउने ।
- साना तथा  मझौला कृषि, पर्यटन उद्योगहरुलाई प्राथमिता दिने । न्यूनतम १० जनालाई रोजगारी सिर्जना गर्ने उद्यमीलाई राज्यले 'सफ्ट लोन' दिने ।
- नेपालको पर्यटन क्षेत्र नेपालको आर्थिक विकासको मेरुदण्ड बन्न सक्छ । पर्यटन प्रवर्द्धनमा सरकारले पूर्वाधार निर्माणमा जोड दिनुपर्छ । पर्यटन व्यवसायीलाई व्यवसाय विस्तारमा सघाउने सरकारको नीती बन्नुपर्छ । नेपाललाई अन्तर्राष्ट्रिय

पर्यटकको केन्द्र बनाउन यहाँका धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाहरुको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गरिनुपर्छ । र, नेपाल आउने पर्यटकले अहिले भोलिरहेका जटिलता समाधान गर्दै उनीहरुलाई सुरक्षाको प्रत्याभूति दिन सरकारले सक्नुपर्छ ।

- जलविद्युत नेपालको अर्को सम्भावना हो । हाल नेपालको जडित विद्युत उत्पादन क्षमता २१ सय ९० मेगावाट छ । आन्तरिक बजारमा करिब १७ सय मेगावाट छ । हामीले उत्पादन बढाउन सक्दा भारत, चीन, बंगलादेश लगायतका देशमा विद्युत खपत गर्नसकिन्छ । अहिले नेपालमा भइरहेको पेट्रोलियम पदार्थको आयात घटाउनका लागि पनि विद्युत उत्पादन बढ्दा मद्धत पुग्नेछ । दक्षिण एसियामा नेपाल जलविद्युत उत्पादन क्षेत्रका लागि कोशेढुंगा बन्न सक्छ । तर, त्यसका लागि सोहीअनुसारको नीति तय हुनुपर्छ । नेपालले दक्षिण एसियाका विभिन्न मुलुकहरुसँग ऊर्जा व्यापार र समग्र ऊर्जा क्षेत्रमा सहकार्य बढाउन आवश्यक छ ।

## जलस्रोतको बहुपक्षिय उपयोगमा प्राथमिकता

नेपाल प्राकृतिक जलस्रोतको धनी मूलुक हो । मुलुकको विकासका लागि जलस्रोतको सदुपयोग कोशेढुंगा बन्न सक्छ । नेपालको जलस्रोतको सर्वाङ्गीण, बहुपक्षिय उपयोगका लागि मुलुकको कायपलट गर्ने परियोजना, नेपालको जलमार्ग हुँदै समुन्द्रसम्म पहुँच पुर्‍याउने योजना पुरा गर्न र व्यापार सन्तुलन मात्रै नभएर यसले रणनीतिक रुपमा पनि नेपालको बर्चश्व स्थापित गर्नका लागि तल्लो तटिय बहुपक्षिय राष्ट्रहरुसँग मिलेर यस्ता ठुला परियोजना अघि बढाउन अब ढिला गर्न हुँदैन । यसको नेतृत्व नेपाली कांग्रेसले गर्नु पर्छ ।

## खनिजका स्रोतहरुको पहिचान र विकासमा जोड

नेपालका खानी तथा खनिज उत्खननको इतिहास करिब २ सताब्दी अघिदेखि रहि आएको मान्छिन परापूर्वकालदेखि नै नेपालमा फलाम, तामा सिसा जस्ता कोबाल्ट, निकेल र सुनको सानो मात्रामा उत्खनन् हुँदै आएको हो । नेपालमा खनिज क्षेत्रको महत्व रहेको देखिन्छ । खनिजको पहिचान तथा खनिजमा आधारित उद्योगहरुलाई प्रबर्धन गर्ने नीति सरकारले लिन पर्छ । यस विषयमा कांग्रेसले आफ्नो नीति अगाडि सार्नु पर्छ । खनिजजन्य उद्योगहरुको स्थापना र विकासले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्न सक्छ । उच्चतम् विकसित प्रविधि भिन्न्याएर खनिजका स्रोतहरुको अध्ययन अन्वेषण र अनुसन्धान कार्यमा जोड दिई नेपालमा सम्भावना भएका खनिजहरुको

पहिचान गरि खनिजजन्य उद्योगको विकासमा जोड दिनु पर्छ । यसले खनिजका लागि नेपालको परनिर्भरता कम हुँदै जाने छ र मुलुकको अर्थतन्त्रको विकासमा टेवा पुग्ने छ ।

## शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन

- विश्वविद्यालयहरुमा राजनीतिक नियुक्ति बन्द गर्नुपर्छ । विश्वविद्यालयमा कूलपति प्रधानमन्त्री हुने व्यवस्था हटाई प्राज्ञिक व्यक्तिलाई योग्यताका आधारमा कूलपति बनाइनुपर्छ । प्राध्यापक खुला प्रतिस्पर्धाबाट छानिने व्यवस्था सुनिश्चित गरिनुपर्छ । विश्वविद्यालयहरुलाई स्वायत्त अधिकार सम्पन्न बनाउनुपर्छ ।
- शिक्षा पूर्ण रुपमा सर्वसुलभ बनाउन सकिन्छ । यसका लागि अस्ट्रेलियन मोडल हाइयर एजुकेशन कन्ट्रिब्यूसन सिस्टम (HECS) लागू गर्न सकिन्छ ।
- मेडिकल, इन्जिनियरिङ, आईटी, कृषि, वनविज्ञान, व्यवस्थापनलगायतका विषय सर्वसुलभ रुपमा सबैले पढ्न सक्ने वातावरण बनाउन सकिन्छ । **हरेक विद्यार्थीले आफूले चाहेको विषय पढ्न राज्यले १ प्रतिशत ब्याजमा सुहलियत ऋण दिने र डिग्री प्राप्त गरेपश्चात सेवामा प्रवेश गरेपछि ऋण चुक्ता नभएसम्म आम्दानीको २५ प्रतिशत कट्टा गर्ने व्यवस्था गर्ने** ।
- देशभरका मेडिकल, पारामेडिकल, नर्सिङ्ग, इन्जिनियरिङ, आईटी, कृषि, वनविज्ञान, व्यवस्थापन जस्ता प्राविधिक कलेजहरुमा वर्षमा दुई इन्टेक पढाउने व्यवस्था गर्ने । फेब्रुअरी र सेप्टेम्बरको सेसनमा । यसो गर्दा एउटै पूर्वाधारमा दोब्बर जनशक्ति उत्पादन हुनेछ । यसले दूरदराजका गाउँमा प्राविधिक जनशक्ति अभाव अन्त्य गर्न मद्धत गर्नेछ । नेपालमा खपत नभएका प्राविधिक जनशक्तिलाई विश्वबजारमा पठाउन सकिने व्यवस्था गर्नुपर्छ ।  यसले राज्यको अर्थतन्त्रमा पनि टेवा पुग्नेछ ।
- **नेपाललाई मेडिकल, इन्जिनियरिङ र आईटी शिक्षाको हब बनाउन सकिन्छ** । **अहिले नेपालले तत्काल विदेशी विद्यार्थीलाई नेपालमा भित्राएर मेडिकल शिक्षा पढ्न सक्ने राज्यको नीति र पूर्वाधार बनाउन सके नेपालको अर्थतन्त्रमा कायापलट हुनेछ** । तत्काल नगद वैदेशिक मुद्रा आर्जनको बलियो स्रोत बन्न सक्छ । कालान्तरमा स्वदेशी विद्यार्थीलाई निशुल्क र सुलभ शिक्षा दिन सकिने बनाउन आधार तयार हुनेछ । **हामीले आफ्ना नीति ठिक बनाए मेडिकल शिक्षामा मात्रै तत्कालै प्रति वर्ष अफ्रिकन क्षेत्रबाट १ लाख र भारतबाट १ लाख विद्यार्थी नेपाल भित्राउन सकिन्छ** । कसरी गर्न सकिन्छ ? सरोकारवालाले आवश्यक ठानेमा ठोस कार्ययोजनासहित यो क्षेत्रको लामो विज्ञताका आधारमा ठोस कार्ययोजनानै प्रस्तुत गर्नेछु ।

- सरकारी विद्यालयहरुको भौतिक र शैक्षिक गुणस्तर विकासलाई प्राथमिकतामा राखिनुपर्छ । क्षमतावान शिक्षक नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट छानिनुपर्छ । राजनीतिक प्रभाव बन्द गर्नुपर्छ । सरकारी विद्यालय सुधारका लागि विशेष नीतिसहित सुधार अभियान अघि बढाउनुपर्छ ।

  निजि विद्यालयहरुलाई बर्गिकरण गर्ने, सोहि आधारमा शुल्क निर्धारण गर्ने, नियमन गर्ने र सरकारको नीति अनुसार प्रत्येक विद्यालयमा १०-२० प्रतिशत गरिव जेहेन्दार, विपन्न र पिछडिएका क्षेत्रका विद्यार्थीहरुलाई निशुल्क रुपमा पढाउने व्यवस्था गर्ने । सरकारले निजी विद्यालयहरुको वृद्धि विकासकालागि उपयुक्त वातावरण बनाउने ।

- शिक्षकहरुलाई स्वास्थ्य बिमा र 'सफ्ट लोनको' व्यवस्था गरि आफ्नो कामप्रति उत्प्रेरित गर्ने नीति अख्तियार गर्नुपर्छ । साथै शिक्षकहरुलाई विकसित पछिल्ला प्रविधि र शिक्षण सिकाई पद्धतीमा अभ्यस्त बनाउन सरकारले लगानी गर्नुपर्छ ।
- शिक्षा र स्वास्थ्यमा राज्यको लगानी कम्तिमा बजेटको २० प्रतिशत बनाइनुपर्छ ।
- शिक्षासँग सम्बन्धित विधेयकहरु तत्काल सरोकारवालाहरुको जायज माग सम्बोधन गरि संसदबाट पारित गरिनुपर्छ । पार्टीले त्यसमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ ।

**नेपालको हालको स्वास्थ्य प्रणालीबाट संविधानले प्रत्याभूत गरेको स्वास्थ्यसँग सम्बन्धित अधिकार प्राप्त गर्न असम्भवप्राय छ । तर, यसमा केही नीतिगत सुधार गर्ने हो भने आमूल परिवर्तन हुनेछ । त्यसका लागि यसो गर्न सकिन्छ ।**

- दूरदराजका गाउँमा चिकित्सक नजाने समस्या छ । यसलाई हल गर्न सकिन्छ । एमबीबीएस उत्तीर्ण गरेकालाई शुरुमा अस्थायी लाइसेन्स दिने र त्यसले नेपालभित्र मात्र काम गर्नसक्ने व्यवस्था गर्ने । उसले प्राथमिक स्वास्थ्य केन्द्रमा एक वर्ष र नगर अस्पतालमा एक वर्ष अनिवार्य काम गरेपछि मात्र उसको लाइसेन्स परिपक्व हुने व्यवस्था गर्ने । तर, सरकारले सबैलाई यसरी राख्न नसकेको अवस्थामा भने नेपालभित्र अन्य स्थानमा पनि काम गर्नसक्ने भनि काउन्सिल परिक्षाको नतिजा आएको ७ दिनभित्र सूचना प्रकाशन गर्ने ।
- एमडी/एमस, डिएम, एमसिएच गरेकाले आधारभूत सुविधा भएको ठाउँमा २ वर्ष अनिवार्य काम गर्नैपर्ने । त्यसो नगरि स्थायी लाइसेन्स नदिने व्यवस्था गर्ने । विदेशबाट पढेर आएकाहरुको हकमा ३ वर्षको प्रबन्ध गर्ने ।

- सरकारको गलत नीतिका कारण हाल धेरै नर्सिङ कलेजहरु बन्द भएका छन् । देशभर जम्मा ५२ वटामात्रै सञ्चालनमा छन् । नर्सिङ जनशक्तिको अभाव अस्पतालहरुमा शुरु हुन थालिसकेको छ । आवश्यक भौतिक र प्राविधिक पूर्वाधार भएका एमबीबीएस, एमडी/एमएस, एमसीएच, डीएम पढाउने क्षमता भएका मेडिकल कलेजहरुलाई पिसिएल नर्सिङ पढाउन कोटा नदिने सरकारको नीति गलत छ । मेडिकल कलेजहरुलाई कम्तिमा १ सय जना प्रति वर्ष नर्सिङ पढाउने सिट क्षमता दिने नीतिगत व्यवस्था गरिनुपर्छ । नर्सिङ पढिसकेपछि १ वर्ष अनिवार्य काम गर्नुपर्ने व्यवस्था गर्ने ।
- सबैको १० लाख बराबरको स्वास्थ्य विमा गर्ने र ठुला रोगका लागि २५ लाखसम्म स्वस्थ्य विमा गर्ने व्यवस्था मिलाउने । अंग प्रत्यारोपण नेपालभित्रै गर्ने व्यवस्था गर्ने । **हरेक व्यवसायीको आम्दानीबाट लाग्ने करमा २ प्रतिशत अनिवार्य स्वास्थ्य कर भनि छुट्याउने र उक्त रकम निशुल्क स्वास्थ्य सेवाका लागि उपयोग गर्ने नीति अपनाउने** ।

## विदेश नीतिबारे

अन्तर्राष्ट्रिय राजनीति परिवर्तनशिल छ । पहिलो विश्वयुद्धपछि जस्तो अवस्था थियो, दोस्रो विश्वयुद्धपछिको राजनीतिक अवस्था फरक थियो । दोस्रो विश्वयुद्धपछि शितयुद्धकालिनमा जस्तो रह्यो शितयुद्ध सकिएपछि, सोभियत संघको विघटनपछि अर्कै अवस्था आयो । आजका दिनमा विश्व राजनीतिको परिस्थिती अलग छ । परिस्थिती परिवर्तन हुँदै जाँदाखेरी आफ्नो देशले अंगिकार गर्ने परराष्टनीति पनि परिवर्तनशिल हुन्छ । नेपालको सर्वोपरि हितलाई केन्द्रविन्दुमा राखेर हामीले आफ्नो परराष्ट्रनीति तय गर्नुपर्छ । वीपी कोइरालाको पालामा जस्तो अन्तर्राष्टिय परिस्थिती थियो , त्यसलाई हेरेर अहिलेको अन्तर्राष्ट्रिय राजनीतिलाई सम्बोधन गर्न जस्तो किसिमको परराष्ट्रनीति लिनुपर्थ्यो, त्यस्तो बनाइयो, आज त्यस्तो परिस्थिती छैन ।

जतिखेर असंलग्न आन्दोलनको प्रादुर्भाव भयो त्यतीबेलाको विश्व व्यवस्था र अहिलेको फरक छ । यसको बारेमा पनि महासमिति बैठकले सघन बहस गरि कांग्रेसको विदेश नीति र यसको आधार, सिद्धान्त के हो ? प्रष्ट हुनुपर्छ । जसका बारेमा हालसम्म कांग्रेस प्रवेशै गरेको छैन । **कांग्रेसले देश प्रथम अर्थात 'नेसन फस्ट' को मान्यताका आधारमा परराष्ट्रनीति तय गर्नुपर्छ** । मुलुकको अन्तराष्ट्रिय नीति सवै पार्टिको साझा नीति वन्नुपर्छ । कांग्रेसले त्यसको नेतृत्व गर्नुपर्छ । राष्ट्र र राष्ट्रियताका सवालमा सवै दलहरुलाई एकठाउँमा ल्याउन कांग्रेसले भुमिका खेल्नसक्नुपर्छ ।

